नेपाल सरकार

राष्ट्रिय भूमि आयोग

# जिल्ला समिति, मकवानपुर

हेटौंडा

मितिः२०७९/०२/१३

पत्रसंख्या : ०७८/०७९

चलानि नं. ३३

**विषयः सुचना पठाईएको ।**

श्री हेटौंडा उपमहानगरपालिका

हेटौंडा

उपरोक्त सम्बन्धमा श्री राष्ट्रिय भूमि आयोग काठमाण्डौंबाट जारी जग्गा स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा निवेदन दिने सम्बन्धि ३५ (पैंतिस) दिने सूचना र निवेदनको ढाँचा गरि पाना २ पठाईएको छ । व्यहोरा सुचनाबाट अवगत गर्नु भई पालिका अन्तर्गत वडाहरुमा जानकारी गराई दिनुभई निवेदन सहयोग गरि दिनुहुन अनुरोध छ।

पूर्णहरि सुबेदी

सदस्य सचिव

हेटौंडा उपमहानगरपालिका
हेटौंडा
दर्ता नं 22929
मिति 02/16

Email:-dcmakawanpur@gmail.com

अनुसूची —२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

राष्ट्रिय भूमि आयोग

........................, जिल्ला समिति

सहकारी तथा गरिबी निवारण
सिंहदरबार काठमाडौं

विषयः जग्गाधनी दर्ता प्रमाण पुर्जासम्बन्धी बाँकी काम सम्पन्न गरी पाउँ ।

श्रीमान् अध्यक्षज्यू,
जिल्ला समिति ..............
.......................।

प्रस्तुत विषयमा विगतको ........................ आयोग/कार्यदल/समितिबाट मिति............... मा भएको निर्णयबमोजिम प्राप्त गरेको वा मैले/ ............................ ले भोग चलन गरेको जग्गाको देहायबमोजिमको समस्या भएकोले आवश्यक छानविन गरी बाँकी काम सम्पन्न गरी समस्या समाधान गरिदिन तपसिलबमोजिमको विवरण र प्रमाण कागजात राखी यो निवेदन पेस गरेको छु ।

१. जग्गा प्राप्त गर्ने वा भोग चलन गर्नेको नाम थर :

२. जग्गासम्बन्धी विवरण :

जग्गा रहेको साविकको स्थानः

जग्गा रहेको हालको स्थान :

वडा नं.  नक्सा नं :  कित्ता नं.:  क्षेत्रफलः

३. वितरण गरेका जग्गासँग सम्बन्धित समस्याः

........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................

४. निवेदन साथ पेस गरेका कागजातहरूः

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(ख) स्थानीय तहको वडा कार्यालयको सिफारिस,
(ग) जग्गासम्बन्धी कागज प्रमाणहरू
(ङ) आवश्यक परे नाता प्रमाणित
(छ) अन्य

उपरोक्तअनुसारको विवरण ठिक साँचो हो, झुट्टा ठहरे प्रचलित कानूनबमोजिम सजाय भोग्न मञ्जुर छु ।

निवेदकको नाम थरः-
दस्तखतः-
नागरिकता प्र.प.नं : -
सम्पर्क नं. :-

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

फोन नं. ०१-५३१२९३६/५३१३९३२


## जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना ।

**प्रकाशित मिति : २०७९/०२/१२ गते**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा ३५ (पैंतिस) दिनभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।